# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला बारास्थित मालपोत कार्यालय, सिमरा, बाराबाट आ.व. २०७५/०७६ मा संकलन भएको राजस्व कार्यालय प्रमुख मदन प्रसाद गुप्ता र लेखापाल युगल किशोर ठाकुरको निजी बचत खातामा जम्मा गरेको, उक्त कार्यालयमा प्राप्त नगदी रसिदका कार्यालय प्रतिमा उल्लेखित रकमको जोड जम्मा गरी हेर्दा करोडौं राजस्व रकमको कुनै हिसाब किताब नदेखिएको भन्ने समेतको उजुरीको सन्दर्भमा आयोगबाट अनुसन्धान हुँदा सरकारी कार्यालयबाट संकलन भएको राजस्व कानून बमोजिम सम्भव भएसम्म सोही दिन नभए त्यसको भोलिपल्ट सम्बन्धित राजस्व खातामा जम्मा गरी राजस्व जम्मा गरेको भौचर समेत नत्थी गरी तोकिएको ढाँचामा आर्थिक विवरण तयार गरी कार्यालय प्रमुखले प्रमाणित गरी अभिलेख सुरक्षित राख्नुपर्नेमा आफू स्वयं राष्ट्रसेवक कर्मचारी भई आफूसमेतको मिलेमतो र प्रत्यक्ष संलग्नतामा आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक आफूलाई तोकिएको जिम्मेवारी र पदीय दायित्वबाट बिमुख भई आफूसमेतलाई गैरकानूनी लाभ एवं प्रत्यक्ष फाइदा पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने गरी सरकारी राजस्व निजी बैंक खातामा जम्मा गर्ने, कार्यालयबाट संकलन भएको राजस्व खाई मास्ने तथा आफू कार्यरत रहेको कार्यालयको हिसाबकिताब समेत दुरुस्त राख्ने कार्य नगरी आर्थिक बर्ष २०७५/०७६ को फाल्गुण १२ गते सम्ममा संकलित राजस्व रकम मध्ये रू.४,५८,७१,०२०।१३ (रुपैंया चार करोड अन्ठाउन्न लाख एकहत्तर हजार बीस पैसा तेह्र) प्रचलित कानून बमोजिम तोकिएको समयभित्रमा सम्बन्धित राजस्व खातामा दाखिला नगरी खाइमास्ने कार्य गरेको देखिएकोले मालपोत कार्यालय, सिमराका कार्यालय प्रमुख (नायब सुब्बा) मदन प्रसाद गुप्ता, लेखापाल युगल किशोर ठाकुर र नायब सुब्बा शत्रुधन राउतले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कार्य गरी सोही ऐनको दफा ३ को उपदफा(१) र दफा दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले उक्त कसूर अपराधमा निज प्रतिवादीहरू मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर र शत्रुधन राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय(झ) बमोजिम हदैसम्मको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता